
ネパール語

# ओकिनावा लाइफ



ओकिनावा प्रिफेक्चर

# परिचय

डिसेम्बर २०२३ मा ओकिनावा प्रिफेक्चरमा बसोबास गर्ने विदेशीहरूको संख्या २५,००० नाघ्ने र बढ्दै जाने अपेक्षा गरिएको छ।

फरक संस्कृतिमा मनको शान्तिका रूपमा लाइफ बिताउनको लागि, त्यो देश वा क्षेत्रको नियम र रीतिरिवाज जान्नु महत्त्वपूर्ण छ।

यो "ओकिनावा लाइफ" गाइडबुकले ओकिनावा प्रिफेक्चरमा "मनको शान्ति, सुरक्षा, र आत्मनिर्भरता" लाइफको बिताउन मद्दत गर्ने जानकारी संकलन गर्दछ।

यो गाइडबुक तपाईंको  दैनिक लाइफमा उपयोगी हुनेछ भन्ने मलाई आशा छ।

मार्च २०२५

ओकिनावा प्रिफेक्चरल सरकार

※ यस गाइडबुकको URL र QR कोड मार्च २०२५ सम्मको हो।
URL परिवर्तन जस्ता कारणहरूले तपाईंले लिङ्क गरिएको पृष्ठ हेर्न नसक्ने हुन सक्छ।

※ लिङ्कहरूले ओकिनावा प्रिफेक्चरका सम्बन्धित संस्थाहरू र नगर/शहर/गाउँहरूको बारेमा वेबसाइटहरूमा जानकारी गरिएको छ। यदि अनुवाद आवश्यक छ भने, कृपया वेबसाइटमा अनुवादको प्रकार्य प्रयोग गर्नुहोस्।

※ अस्वीकरण
कृपया यस पुस्तिकामा समावेश जानकारी प्रयोग गर्दा हुने कुनै पनि क्षतिको लागि हामी जिम्मेवार हुने छैनौं भन्ने कुरामा ध्यान दिनुहोल।

# सामग्रीको तालिका

**1. लाइफको जानकारी**
(1) "विदेशी बासिन्दाहरूको लाइफलाई सहयोग गर्ने पोर्टल साइट" ····· 1
(2) "जीवनयापन तथा रोजगारी गाइडबुक" ····· 1
**2. प्रकोप रोकथाम जानकारी**
(1) "ओकिनावा प्रिफेक्चरका विदेशीहरूको लागि विपत्ति रोकथाम पुस्तिका" ····· 1
(2) विदेशीहरूको लागि विपत्ति रोकथाम पुस्तिका ····· 1
(3) तयारी गर्नु पर्ने कुरा ("प्रकोप रोकथाम पूर्वतयारी सामान" भनिन्छ) ····· 2
(4) प्रकोप जानकारी ····· 2
(5) आपतकालीन निकासीस्थलहरू ····· 3
(6) आपतकालीन फोन नम्बर (नि:शुल्क)
अचानक बिरामी, चोटपटक र आगलागी ····· 3
घटना र दुर्घटना ····· 3
**3. ओकिनावामा बसोबास**
जापानी द्वीपसमूहबाट ओकिनावा प्रिफेक्चरको स्थान ····· 4
ओकिनावा प्रिफेक्चरका विभिन्न टापुहरू ····· 4
ओकिनावाको हावापानी ····· 4
(1) बासिन्दाको रूपमा दर्ता गर्ने व्यक्तिहरू ····· 5
(2) बासिन्दाको रूपमा दर्ता गर्ने स्थल ····· 5
(3) बासिन्दा दर्ताका दुई प्रकारहरू
① नयाँ ठाउँमा सर्ने ····· 5
② नयाँ ठाउँमा सरेर बस्नु, हालको ठाउँबाट सर्ने ····· 6
(4) विवाह र सम्बन्ध विच्छेदको प्रक्रिया ····· 7
(5) परिवारको सदस्य वा तपाईंसँगै बस्ने कसैको मृत्यु हुँदाको प्रक्रियाहरू ····· 7
(6) छाप दर्ता प्रक्रियाहरू ····· 7
(7) माई नम्बरको बारेमा ····· 8
(8) बैंक खाता खोल्ने तरिका र प्रयोग गर्ने तरिका ····· 8
(9) बस्ने घर खोज्ने र घरमा बस्दा खेरि ····· 8
(10) लाइफका नियमहरू
① फोहोर फाल्ने तरिका ····· 9
फोहोरका प्रकारहरू ····· 9
② अन्य लाइफका नियमहरू ····· 9
(11) ओकिनावाको यातायात ····· 9～10
★ध्यान दिनुपर्ने कुराहरू
① कारमा चढ्ने व्यक्तिहरू ····· 9～10
② बस चढ्ने व्यक्तिहरू ····· 10～11
③ मोनोरेल चढ्ने व्यक्तिहरू ····· 11
④ मोटरसाइकल र साइकलमा चढ्ने व्यक्तिहरू ····· 11～12
(12) अन्य जानकारी ····· 12
ओकिनावा प्रिफेक्चर नगर/शहर/गाउँहरूमा आपतकालीन निकासी स्थलहरू र फोहोर सम्बन्धी जानकारीको सूची ··· 13～16

## 1. लाइफको जानकारी

### (1) "विदेशी बासिन्दाहरूको लाइफलाई सहयोग गर्ने पोर्टल साइट"

आप्रवासन सेवा एजेन्सी

यहाँ हेर्नुहोस् →
https://www.moj.go.jp/isa/support/portal/index.html

यो ठाउँमा जापानमा लाइफ बिताइरहेका विदेशीहरू र विदेशीहरूलाई सहयोग गर्नेहरूका लागि उपयोगी जानकारी पाउन सक्नुहुन्छ।

### (2) "जीवनयापन तथा रोजगारी गाइडबुक"

आप्रवासन सेवा एजेन्सी

यहाँ हेर्नुहोस् →
https://www.moj.go.jp/isa/support/portal/guidebook_all.html

जापानमा शान्तिपूर्वक लाइफ बिलाउन र काम गर्नको लागि आवश्यक पर्ने नियम र रीतिरिवाजहरूको जानकारी समावेश छ।

## 2. प्रकोप रोकथाम जानकारी

जापान प्राकृतिक प्रकोपको धेरै जोखिममा रहेको देश हो।

प्राकृतिक प्रकोपहरूमा भूकम्प, भारी वर्षा, आँधीबेहरी र सुनामी समावेश छन्।

प्रकोपहरू आइपर्दा समस्यामा नपरोस् भनेर आफूसँगै लैजाने आवश्यक पर्ने सामानहरू तयार पार्नुहोस्।

साथै, प्रकोपहरू आइपरेमा कहाँ  जाने भनेर सुरक्षित स्थलको बारेमा परिवारसँग छलफल गर्नुहोस्।

### (1) "ओकिनावा प्रिफेक्चरका विदेशीहरूको लागि विपत्ति रोकथाम पुस्तिका"

ओकिनावा प्रिफेक्चर गभर्नर कार्यालय प्रकोप रोकथाम तथा संकट व्यवस्थापन विभाग

यहाँ हेर्नुहोस् →
https://www.pref.okinawa.lg.jp/bosaianzen/bosai/1003555/1003560.html

### (2) विदेशीहरूको लागि विपत्ति रोकथाम पुस्तिका

ओकिनावा प्रिफेक्चर इन्टरनेशनल एक्सचेन्ज र मानव संसाधन विकास फाउन्डेशन

यहाँ हेर्नुहोस् →
https://kokusai.oihf.or.jp/project/saigaisapport/handbook/

### (3) तयारी गर्नु पर्ने कुरा ("प्रकोप रोकथाम पूर्वतयारी सामान" भनिन्छ)

① खानेकुरा (तुरून्तै खान मिल्ने कुरा) र पानी

② औषधिहरू (तपाईंले नियमित रूपमा लिने वा प्रयोग गर्ने औषधिहरू)

③ स्वच्छता उत्पादनहरू (टूथब्रस, सेनेटरी उत्पादनहरू, डिस्पोजेबल डायपर आदि)

④ बहुमूल्य वस्तुहरू (पैसा, नगद कार्ड, बैंकबुक, व्यक्तिगत छाप, निवास कार्ड, राहदानी, आदि)

⑤ फ्ल्याशलाइट

⑥ सेल फोन

⑦ सेल फोन चार्जर र ब्याट्री

⑧ पोर्टेबल रेडियो (ब्याट्रीबाट चल्ने रेडियो)

⑨ अतिरिक्त ब्याट्रीहरू

⑩ कीटाणुनाशक र मास्क

⑪ तौलिया र टिस्युहरू

⑫ भित्री वस्त्र र मोजा



### (4) प्रकोप जानकारी

कुनै प्रकोप आउन लागेको बेलामा, हामी तपाईंलाई के गर्ने र के सावधानी अपनाउने भन्ने बारेमा पाँच तहमा सूचित गर्नेछौं।

| यो कति जति खतरनाक छ? | सावधानीको स्तर | के गर्ने |
|---|---|---|
| धेरै खतरनाक | स्तर ५ | आपतकालीन सुरक्षा [जीवन खतरामा छ]<br>आफ्नो जीवन बचाउन तुरुन्तै कदम चाल्नुहोस्। |
| | स्तर ४ | निकासी आदेश (कृपया अहिले तुरून्तै सुरक्षित स्थलमा जानुहोस्)<br>कृपया तुरुन्तै निकासी स्थल (सुरक्षित स्थलमा) मा जानुहोस् । |
| | स्तर ३ | वृद्धवृद्धा र अन्य व्यक्तिहरूको लागि निकासी स्थल (वृद्ध व्यक्तिहरू आदि, कृपया सुरक्षित स्थलमा जानुहोस्)<br>यदि तपाईंसँग वृद्धवृद्धा, अपाङ्गता भएका व्यक्तिहरू, शिशुहरू वा साना केटाकेटीहरू छन् भने, कृपया तुरुन्तै सुरक्षित स्थलमा जानुहोस्। |
| | स्तर २ | सावधानी सम्बन्धी जानकारी (कृपया वर्षा, हावा, छाल आदि बारे सचेत रहनुहोस्)<br>सुरक्षित स्थलको जाँच र आफूसँगै लैजान लाग्ने सामानहरूको तयार पार्नुहोस्। |
| त्यतिको खतरनाक छैन। | स्तर १ | पूर्व चेतावनी जानकारी (चाँडै सावधानी अपनाउन सुरु गर्नुहोस्)<br>प्रकोपहरूमा ध्यान दिन सुरु गर्नुहोस्। |

## (5) आपतकालीन निकासी स्थलहरू

<खतराको समयमा जाने सुरक्षित स्थल>

बसोबास गरिरहेको शहरको लागि प्रकोप रोकथाम सम्बन्धी वेबसाइटहरूको सूची पृष्ठ १३ र १५ मा संकलित गरिएको छ।


## (6) आपतकालीन फोन नम्बर (नि:शुल्क)



**119**

### ● अचानक बिरामी, चोटपटक र आगलागी

- म एक्लै अस्पताल जान सक्दिन।
- नजिकै कोही बिरामी वा चोटपटक लागेको व्यक्ति छ
- आगलागी भएको बेलामा





**110**

### ● घटना र दुर्घटना

- पैसा वा अन्य बहुमूल्य सामान चोरी हुँदा
- ट्राफिक दुर्घटनामा परेको बेलामा
- चोरलाई देखें।

※चोर भनेको व्यक्तिको घरमा छिरेर सामानहरू चोर्ने लाई जनाइन्छ।






## 3. ओकिनावामा बसोबास

जापानी द्वीपसमूहबाट ओकिनावा प्रिफेक्चरको स्थान

ओकिनावा प्रिफेक्चर जापानी द्वीपसमूहको दक्षिणपश्चिममा अवस्थित छ।




**ओकिनावा प्रिफेक्चरका विभिन्न टापुहरू**

ओकिनावा टापु ओकिनावा प्रिफेक्चरको सबैभन्दा ठूलो टापु हो।

### ओकिनावाको हावापानी

ओकिनावाको जलवायु उप-उष्णकटिबन्धीय समुद्री प्रकारको हो, जहाँ तापक्रम उच्च र आर्द्रता पनि धेरै हुन्छ। पूरै वर्षभरि मौसम तातो रहन्छ र हिउँ पर्दैन।

### (1) बासिन्दाको रूपमा दर्ता गर्ने व्यक्तिहरू

बासिन्दा दर्ता गर्ने व्यक्ति भनेको ३ महिनाभन्दा बढी समय ओकिनावामा बस्ने व्यक्ति हो।

★बासिन्दा दर्ता गरेपछि के गर्न सकिन्छ?

→ बासिन्दा प्रमाणपत्र बनाउन सकिन्छ।

→ बसोबास गरिरहेको शहरबाट फोहर सङ्कलन जस्ता सेवाहरू प्राप्त गर्न सकिन्छ।

→ बसोबास गरिरहेको शहरबाट माई नम्बर सम्बन्धी सूचना आउँछ।

### (2) बासिन्दाको रूपमा दर्ता गर्ने स्थल

•तपाईं बसोबास गरिरहेको शहरको नगरपालिकामा दर्ता गरिन्छ।

•ओकिनावामा नगरपालिकाका प्रकारहरू

① नगरपालिका

② शहरको कार्यालय

③ गाउँको कार्यालय



### (3) बासिन्दा दर्ताका दुई प्रकारहरू

① नयाँ ठाउँमा सर्ने

| प्रकारहरू | कस्तो बेला | कस्तो किसिमको व्यक्ति | कहिले | आवश्यक कागजात<br>※पेश गर्नुपर्ने कागजातहरू बारेमा तपाईं बसोबास गरिरहेको नगरपालिकामा सोधेर पक्का गर्नुहोस्। |
|---|---|---|---|---|
| नयाँ ठाउँमा सर्ने | पहिलो पटक नयाँ शहरमा बस्दा | पहिलो पटक बासिन्दा दर्ता गर्ने व्यक्ति | सरेको (बसाइँ सरेको) मितिबाट १४ दिनभित्र | **तलका मध्ये ① वा ② मध्ये कुनै एकको कागजपत्र पेश गर्नुपर्छ**<br>① निवास कार्ड (अझै नपाएको व्यक्ति भएमा पासपोर्ट)<br>② विशेष स्थायी बासिन्दा प्रमाणपत्र |
| | (देशभित्रै) अर्को शहरबाट सरेको अवस्थामा बासिन्दा दर्ता | पहिले नै बासिन्दा दर्ता गरेको व्यक्ति जसले अर्को शहरबाट सरेको व्यक्ति | सरेको (बसाइँ सरेको) मितिबाट १४ दिनभित्र | **कृपया तलको कागजात ① वा ② सँगै कागजात ③ र ④ को पनि पेश गर्नुहोस्।**<br>① निवास कार्ड<br>② विशेष स्थायी बासिन्दा प्रमाणपत्र<br>③ हालको ठाउँबाट सरेको प्रमाणपत्र<br>④ माई नम्बर कार्ड (My Number Card) (लिइ सकेका व्यक्तिहरूको लागि मात्र आवश्यक) |

※व्यक्ति र उनीहरूको पारिवारिक अवस्थाको आधारमा, नगरपालिकाले माथि सूचीबद्ध गरिएका कागजातहरू बाहेक अन्य कागजातहरू पनि अनुरोध गर्न सक्छ।

② नयाँ ठाउँमा सरेर बस्नु, हालको ठाउँबाट सर्ने

| प्रकारहरू | कस्तो बेला | कस्तो किसिमको व्यक्ति | कहिले | आवश्यक कागजात<br>※पेश गर्नुपर्ने कागजातहरू बारेमा तपाईं बसोबास गरिरहेको नगरपालिकामा सोधेर पक्का गर्नुहोस्। |
|---|---|---|---|---|
| नयाँ ठाउँमा सरेर बस्नु | एउटै शहर भित्र स्थल परिवर्तन भएको बेलामा | बासिन्दाको रूपमा दर्ता भएको र सोहि शहर भित्र आफ्नो बसोबास स्थान परिवर्तन भएको व्यक्ति | सरेको (बसाइँ सरेको) मितिबाट १४ दिनभित्र | **कृपया तलको कागजात ① वा ② सँगै कागजात ③ र ④ को पनि पेश गर्नुहोस्।**<br>① निवास कार्ड<br>② विशेष स्थायी बासिन्दा प्रमाणपत्र<br>③ माई नम्बर कार्ड (My Number Card) (लिइ सकेका व्यक्तिहरूको लागि मात्र आवश्यक)<br>④ राष्ट्रिय स्वास्थ्य बीमा कार्ड (लिइ सकेका व्यक्तिहरूको लागि मात्र आवश्यक) |
| हालको ठाउँबाट सर्ने | अर्को शहरमा सर्दा खेरि | बासिन्दाको रूपमा दर्ता भएका र अर्को शहरमा सर्ने व्यक्तिहरू | सरेको (बसाइँ सरेको) मिति अघि वा पछिबाट १४ दिनमा | **कृपया तलको कागजात ① वा ② सँगै कागजात ③ र ④ को पनि पेश गर्नुहोस्।**<br>① निवास कार्ड<br>② विशेष स्थायी बासिन्दा प्रमाणपत्र<br>③ माई नम्बर कार्ड (My Number Card) (लिइ सकेका व्यक्तिहरूको लागि मात्र आवश्यक)<br>④ राष्ट्रिय स्वास्थ्य बीमा कार्ड (लिइ सकेका व्यक्तिहरूको लागि मात्र आवश्यक) |
| | देश छोड्दा | जापान छोड्ने व्यक्ति | जापान छोड्ने दिन भन्दा १४ दिन अघिदेखि प्रस्थान मितिसम्म | **कृपया तलको कागजात ① वा ② सँगै कागजात ③ र ④ को पनि पेश गर्नुहोस्।**<br>① निवास कार्ड<br>② विशेष स्थायी बासिन्दा प्रमाणपत्र<br>③ माई नम्बर कार्ड (My Number Card) (लिइ सकेका व्यक्तिहरूको लागि मात्र आवश्यक)<br>④ राष्ट्रिय स्वास्थ्य बीमा कार्ड (लिइ सकेका व्यक्तिहरूको लागि मात्र आवश्यक) |

※व्यक्ति र उनीहरूको पारिवारिक अवस्थाको आधारमा, नगरपालिकाले माथि सूचीबद्ध गरिएका कागजातहरू बाहेक अन्य कागजातहरू पनि अनुरोध गर्न सक्छ।

## (4) विवाह र सम्बन्ध विच्छेदको प्रक्रिया

| प्रकारहरू | कस्तो बेला | आवश्यक कागजात<br>※पेश गर्नुपर्ने कागजातहरू बारेमा तपाईं बसोबास गरिरहेको नगरपालिकामा सोधेर पक्का गर्नुहोस्। |
|---|---|---|
| **विवाह** | विवाह गर्दा | ① विवाह दर्ता<br>② विवाह गर्न योग्यताको प्रमाणपत्र (आफ्नो दूतावास वा वाणिज्य दूतावासमा जाँच गर्नुहोस्।)<br>**(नोट)** (नोट) कृपया  पति र पत्नीले आफ्नो देशको नागरिकताबाट जापानमा "विवाह दर्ता" गर्दा "दुई विवाहित" हुनुहुन्छ भन्ने प्रमाणको रूपमा मान्यता दिन्छ कि दिँदैन भन्ने कुरा दूतावास वा वाणिज्य दूतावासमा जाँच गर्नुहोस्। |
| **सम्बन्ध विच्छेद** | सम्बन्ध विच्छेद हुने बेलामा | ① सम्बन्ध विच्छेदको सूचना<br>**(नोट)** (नोट) कृपया पति र पत्नीले आफ्नो देशको नागरिकताबाट जापानमा "सम्बन्धविच्छेदको दर्ता" गर्दा "दुई सम्बन्धविच्छेद" हुनुहुन्छ भन्ने प्रमाणको रूपमा मान्यता दिन्छ कि दिँदैन भन्ने कुरा दूतावास वा वाणिज्य दूतावासमा जाँच गर्नुहोस्। |

## (5) परिवारको सदस्य वा तपाईंसँगै बस्ने कसैको मृत्यु हुँदाको प्रक्रियाहरू

| प्रकारहरू | कस्तो बेला | आवश्यक कागजात<br>※तपाईंले पेश गर्नुपर्ने कागजातहरूको बारेमा कृपया आफ्नो नगरपालिकामा जाँच गर्नुहोस्। |
|---|---|---|
| **मृत्यु** | मृत्युको बारेमा थाहा पाएको ७ दिन भित्र | ① मृत्युको सूचना<br>② मृत्यु प्रमाणपत्र<br><br>**(नोट १)** तपाईंले आफ्नो आवेदन तलको ① वा ② मा बुझाउन सक्नुहुन्छ।<br>① मृतक बसोबास गर्ने शहरको नगरपालिका<br>② कागजात पेश गर्ने व्यक्ति बसोबास गरिरहेको शहरको नगरपालिकामा<br>**(नोट २)** कृपया मृत व्यक्तिको निवास कार्ड अध्यागमन सेवा एजेन्सीलाई फिर्ता गर्नुहोस्। |

## (6) छाप दर्ता प्रक्रियाहरू

| प्रकारहरू | कस्तो बेला | आवश्यक कागजात<br>※पेश गर्नुपर्ने कागजातहरू बारेमा तपाईं बसोबास गरिरहेको नगरपालिकामा सोधेर पक्का गर्नुहोस्। |
|---|---|---|
| **छाप दर्ता** | घर वा कार किन्ने (वा बेच्ने) जस्ता महत्त्वपूर्ण सम्झौता गर्ने बेलामा | ① छाप (तपाईंको आफ्नै व्यक्तिगत छाप)<br>② छाप दर्ता आवेदन फारम |
| | | **(नोट 1)** यो बसोबास गरिरहेको शहरको नगरपालिकामा बुझाउनु पर्छ।<br>**(नोट 2)** दर्ता गरिएको छापलाई "जित्सुइन" भनिन्छ।<br>कृपया आफ्नो "जित्सुइन" सुरक्षित ठाउँमा राख्नुहोस् र अरू कसैलाई प्रयोग गर्न नदिनुहोस्।<br>**(नोट 3)** माथिका चरणहरू ① र ② को प्रकिया पूरा गरेपछि, "छाप दर्ता प्रमाणपत्र" प्राप्त गर्नुहुनेछ।<br>यो एकदमै महत्त्वपूर्ण कार्ड हो। अरू कसैलाई पनि यो प्रयोग गर्न नदिन ध्यान दिनुहोस्।<br>**(नोट 4)** तपाईंको बसोबास गरिरहेको शहरको नगरपालिकामा "छाप दर्ता प्रमाणपत्र" को लागि आवेदन दिँदा, आवश्यक कागजातहरू सङ्कलन गर्न तपाईंले आफ्नो "छाप दर्ता कार्ड" साथमा लैजानुपर्नेछ। |

## (7) माई नम्बरको बारेमा

तपाईं बसोबास गरिरहेको शहरको नगरपालिकामा सर्ने प्रक्रिया पूरा गरेपछि, आफ्नो "माई नम्बर (व्यक्तिगत पहिचान नम्बर)" (१२ संख्याकोनम्बरहरू) हुलाक मार्फत प्राप्त गर्नुहुनेछ।

| कस्तो बेला प्रयोग गर्नुहुन्छ | प्रकियाको स्थलहरू |
|---|---|
| कन्भिनीमा बासिन्दा दर्ता प्रमाणपत्र वा छाप दर्ता प्रमाणपत्र प्राप्त गर्ने बेलामा (※) | बस्नुभएको शहरको नगरपालिका |
| सामाजिक सुरक्षा (सरकारले काम गर्ने व्यक्तिहरू र कम्पनीहरूबाट आवश्यकतामा परेकाहरूलाई मद्दत गर्न पैसा सङ्कलन गर्ने एक प्रणाली) प्रक्रियाहरू | |
| कर प्रक्रियाहरू | |

(※) कृपया बसोबास गरिरहेको शहरको नगरपालिकाको कन्भिनीमा लिन सक्ने कागजातको जाँच गर्नुहोस्।

**★ यदि तपाईं माई नम्बरको बारेमा जान्न चाहनुहुन्छ भने**

यहाँ हेर्नुहोस् → "विदेशी बासिन्दाहरूलाई माई-नम्बर प्रणाली र माई-नम्बर कार्डको बारेमा"
https://www.kojinbango-card.go.jp/hpsv/wpmng/assets/pdf/download/pamphlet-jp.pdf

**माई नम्बर प्रणालीको बारेमा**
**टेलिफोन नं: ०१२०-०१७८-२६**

अंग्रेजी भाषा, चिनियाँ भाषा, कोरियाली भाषा, स्पेनिश भाषा, पोर्चुगिज भाषा,
भियतनामी भाषा, थाई भाषा, इन्डोनेसियाली भाषा, टागालोग भाषा, नेपाली भाषा
कार्यालय समय: बिहान ९:३० देखि बेलुका ८:०० बजे;
शनिबार, आइतबार र बिदाहरूमा: बिहान ९:३० देखि बेलुका ५:३० बजे (नयाँ वर्षको बिदामा सेवा बन्द)

## (8) बैंक खाता खोल्ने तरिका र प्रयोग गर्ने तरिका

यहाँ हेर्नुहोस् → लामो समयसम्म बस्ने योजनामा रहेका विदेशीहरूका लागि:
"जापानमा बसोबास गर्दा बैंक खाता खोल्ने तथा रकम स्थानान्तरण गर्ने तरिका"
https://www.fsa.go.jp/user/livinginjapan.html

## (9) बस्ने घर खोज्ने र घरमा बस्दा खेरि

यहाँ हेर्नुहोस् → "जीवनयापन तथा रोजगारी गाइडबुक"
https://www.moj.go.jp/isa/content/930004715.pdf

यस साइटमा तपाईंले बस्ने घर खोज्ने बेला र घरमा बस्दाको लागि महत्त्वपूर्ण जानकारीहरू चाहिने विभिन्न भाषाहरूमा लेखिएका छन्।

## (10) लाइफका नियमहरू

① फोहोर फाल्ने तरिका

- फोहोरका प्रकारहरू छुट्याउने लाई "क्रमबद्ध गर्ने" भनिन्छ।
- आफ्नो फोहोर फाल्ने दिन, ठाउँ र समय जाँच गर्नुहोस्
- बसोबास गरिरहेको शहरको नगरपालिकाबाट तोकेको फोहोर झोला प्रयोग गर्नुहोस्।




| नं. | प्रकारहरू |
|---|---|
| १ | जलाउन मिल्ने फोहोर |
| | जल्ने फोहोर |
| | जलाउन सम्भव फोहोर |
| २ | जलाउन नसकिने फोहोर |
| | जल्न नसकिने फोहोर |
| | जलाउन सम्भव नभएको फोहोर |
| ३ | पुन: प्रयोग गर्न मिल्ने फोहोर |
| ४ | ठूलो फोहोर |

(※1) नम्बर ४को ठूला फोहोरलाई फाल्ने बेलामा पैसा लाग्छ।

(※2) फोहोर फाल्दाको नियमहरूको बारेमा बसोबास गरिरहेको शहरको नगरपालिकालाई प्रश्न सोध्न सक्नुहुन्छ। बसोबास गरिरहेको शहरको फोहोरको बारे वेबसाइटहरूको सूची पृष्ठ १४ र १६ मा संक्षेपमा दिइएको छ।

② **अन्य लाइफका नियमहरू**

यो साइट ध्यानपूर्वक पढ्नुहोस्

**यहाँ हेर्नुहोस् → "जीवनयापन तथा रोजगारी गाइडबुक"**
https://www.moj.go.jp/isa/content/930004716.pdf

## (11) ओकिनावाको यातायात

- कार
- बस
- मोनोरेल
- मोटरसाइकल
- साइकल



★ **ध्यान दिनुपर्ने कुराहरू**

① कारमा चढ्ने व्यक्तिहरू

• **रक्सी पिएको बेलामा, गाडी चलाउन मनाहि छ!**

• सधैं चालक अनुमतिपत्र बोक्नुहोस्।

• सडकको बायाँ तर्फबाट गाडी चलाउनुहोस्।

- चलाक र यात्रु दुवैले सिट बेल्ट लगाउनु पर्छ।
- कार्यालयका दिनहरूमा बिहान र साँझ बस लेन नियमहरू लागू हुन्छन्।

बिहान  ७:३०-९:००

साँझ  १७:३०-१९:००

बस लेन नियमहरूको बारेमा,

यहाँ हेर्नुहोस् → https://www.police.pref.okinawa.jp/docs/2015030300110/

- अन्तर्राष्ट्रिय चालक अनुमतिपत्र प्रक्रियाहरू

ओकिनावा प्रिफेक्चर प्रहरी चालक अनुमतिपत्र केन्द्र, प्रत्येक शाखा (मध्य, उत्तरी, मियाको, याएयामा)

यहाँ हेर्नुहोस् → https://www.police.pref.okinawa.jp/docs/2015030100246/

- कार बीमा आदि बारे जानकारीको लागि यो साइट पढ्नुहोस्।

"जीवनयापन तथा रोजगारी गाइडबुक"

यहाँ हेर्नुहोस् → https://www.moj.go.jp/isa/content/930004437.pdf

② बस चढ्ने व्यक्तिहरू

● बसका प्रकारहरू: ४

- नाहा बस → https://daiichibus.co.jp/company/naha-bus/
- यूउक्यू बस → https://daiichibus.co.jp/company/naha-bus/
- ओकिनावा बस → https://okinawabus.com/wp/
- टोयो बस → https://toyo-bus.com/

● बस चढ्नु अघि भुक्तानी गर्नु पर्ने बास



→ नाहा बस

यूउक्यू बस: नम्बर १०५

| बस नम्बर | मार्गको नाम | बस नम्बर | मार्गको नाम |
|---|---|---|---|
| 1 | Shuri-Makishi Route<br>首里牧志線 | 11 | Yasuoka-Uebaru Route<br>安岡宇栄原線 |
| 2 | Shikina-Kainan Route<br>識名開南線 | 13 | Ishimine-Omoromachi Route<br>石嶺おもろまち線 |
| 3 | Matsugawa -Shintoshin Route<br>松川新都心線 | 14 | Makishi-Kainan Loop Route<br>牧志開南循環線 |
| 4 | Arakawa-Omoromachi Route<br>新川おもろまち線 | 15 | Samukawa Route<br>寒川線 |
| 5 | Shikina-Makishi Route<br>識名牧志線 | 16 | Arakawa-Ishimine Route<br>新川石嶺線 |
| 6 | Naha-Omoromachi Route<br>那覇おもろまち線 | 17 | Ishimine(Kainan) Route<br>石嶺（開南）線 |
| 7 | Shuri-Jokamachi Route<br>首里城下町線 | 19 | Shuri Station Loop Route<br>首里駅循環線 |
| 8 | Shuri-Jokamachi Route<br>首里城下町線 | 105 | Tomigusuku City Circular Route<br>豊見城市内一周線 |
| 9 | Oroku-Ishimine Route<br>小禄石嶺線 | | |

● बस चढेपछि भुक्तानी गर्नु पर्न बसहरू

→ यूँउक्यू बस, ओकिनावा बस, टोयो बस

● बस प्रयोग गर्ने बेलामा…

- सानो स्वरमा बोल्नुहोस्।
- बस गुडिरहेको बेला बस्नुहोस्।
- कृपया बसबाट ओर्लिएपछि मात्र मोबाइल फोनमा कुरा गर्नुहोस्।
- बसबाट ओर्लिएपछि खाना खानुहोस्।
- बसोबास गरिरहेको शहरमा शहर हुँदै चल्ने बसको प्रकारहरू जाँच गर्नुहोस्।

③ मोनोरेल चढ्ने व्यक्तिहरू

- मार्ग नक्सा, समय तालिका र भाडा जाँच गर्नुहोस्

यहाँ हेर्नुहोस् → https://www.yui-rail.co.jp/routemap/

④ मोटरसाइकल र साइकलमा चढ्ने व्यक्तिहरू

★साइकल चढ्ने व्यक्तिहरूले हेलमेट लगाउनु सुरक्षित हुन्छ।

यहाँ हेर्नुहोस् → https://www.police.pref.okinawa.jp/docs/2023042400025/file_contents/R5_leaflet.pdf

यो साइट पनि पढ्न नभुल्नुहोला।
"जीवनयापन तथा रोजगारी गाइडबुक"

यहाँ हेर्नुहोस् → https://www.moj.go.jp/isa/content/930004437.pdf

## (12) अन्य जानकारी

| | |
|---|---|
| लाइफ र प्रकोपका समाचार | •परराष्ट्र मन्त्रालय<br>https://www.mofa.go.jp/mofaj/index.html<br><br>•ओकिनावा प्रिफेक्चर<br>https://www.pref.okinawa.jp/<br><br>•NHK WORLD-JAPAN<br>https://www3.nhk.or.jp/nhkworld/ja/ |
| परामर्श | •ओकिनावा प्रिफेक्चर इन्टरनेशनल एक्सचेन्ज र मानव संसाधन विकास फाउन्डेशन, अन्तर्राष्ट्रिय विनिमय विभाग टेलिफोन नं: ०९८-९४२-९२१५<br>विदेशीहरूको लागि कानुनी तथा लाइफ परामर्श आवेदन फारम<br>→ https://kokusai.oihf.or.jp/project/soudan/form/<br><br>•जापान न्यायिक समर्थन केन्द्र (होउतेरस) टेलिफोन नं: ०५७०-०७८३७७<br>※हो-तेरासु कानुनी विवादहरू समाधान गर्न सरकारले स्थापना गरेको "सामान्य सूचना केन्द्र" हो। टेलिफोन समर्थन र विदेशी भाषा समर्थन उपलब्ध छ। |
| अपराधहरू चिन्ताहरू | •महानगरीय प्रहरी विभागको विदेशी हेल्पलाइन टेलिफोन नं: ०३-३५०३-८४८४<br>•महानगरीय प्रहरी विभाग सामान्य परामर्श केन्द्र टेलिफोन नं: #९११०/०३-३५०१-०११०<br>•योरीसोई हटलाइन<br>https://www.since2011.net/yorisoi/<br>टेलिफोन नं: ०१२०-२७९-३३८ |
| बसोबास सम्बन्ध | •आप्रवासन सेवा एजेन्सी, विदेशी बासिन्दाहरूको सामान्य सूचना केन्द्र<br>टेलिफोन नं: ०५७०-०१३९०४<br><br>•फुकुओका अध्यागमन ब्यूरोको नाहा शाखा टेलिफोन नं: ०९८-८३२-४१८६ |

# ओकिनावा प्रिफेक्चर नगर/शहर/गाउँहरूमा आपतकालीन निकासी स्थलहरू र फोहोर सम्बन्धी जानकारीको सूची

| नं. | नगर/शहर/ गाउँको नाम | आपतकालीन निकासी स्थलको साइट |
|---|---|---|
| 1 | नाहा शहर | https://www.city.naha.okinawa.jp/safety/saigai/hinannbasho.html |
| 2 | गिनोवान शहर | https://www.city.ginowan.lg.jp/soshiki/somu/4/1/2468.html |
| 3 | इशिगाकी शहर | https://www.city.ishigaki.okinawa.jp/material/files/group/3/6-siteikinnkyuuhinanbasho.pdf<br>https://www.city.ishigaki.okinawa.jp/kurashi_gyosei/kurashi/bousaimap/4700.html |
| 4 | उरासो शहर | https://www.city.urasoe.lg.jp/doc/609e7d333d59ae2434bfed1d/file_contents/karute.pdf |
| 5 | नागो शहर | https://www.city.nago.okinawa.jp/kurashi/2018071900677/ |
| 6 | इटोमान शहर | https://www.city.itoman.lg.jp/site/bousai-itoman/2196.html |
| 7 | ओकिनावा शहर | https://www.city.okinawa.okinawa.jp/k010-004/shiseijouhou/dashboard/shiteikinnkyuuhinan.html |
| 8 | टोमिगुसुकु शहर | https://www.city.tomigusuku.lg.jp/kurashi_tetsuzuki/anshin_anzen/1/2/3816.html |
| 9 | उरुमा शहर | https://www.city.uruma.lg.jp/documents/2695/h28129.pdf |
| 10 | मियाकोजिमा शहर | https://www.city.miyakojima.lg.jp/kurashi/bousai/bousaijyouhou/2021-0707-1933-26.html |
| 11 | नान्जो शहर | https://www.bousai-nanjo.jp/hazard_map/hazardmap/ |
| 12 | कुनिगामी गाउँ | http://www.vill.kunigami.okinawa.jp/bousai/ |
| 13 | ओगिमी गाउँ | https://www.vill.ogimi.okinawa.jp/soshiki/somu/gyomu/anzen_anshin/bosai/322.html |
| 14 | हिगाशि गाउँ | https://www.vill.higashi.okinawa.jp/material/files/group/2/h28bousai-front.pdf |
| 15 | नाकिजिन गाउँ | https://www.nakijin.jp/pagtop/kakuka/somuka/4/5/611.html |
| 16 | मोटोबु टाउन | https://www.town.motobu.okinawa.jp/doc/2023103000034/ |
| 17 | ओन्ना गाउँ | https://www.vill.onna.okinawa.jp/living/disaster/webbousaimap/ |
| 18 | गिनोजा गाउँ | http://www.vill.ginoza.okinawa.jp/bousai |
| 19 | किन टाउन | https://www.town.kin.okinawa.jp/kurashi_tetsuzuki/anzen_anshin/bosai/1/816.html |
| 20 | इए गाउँ | https://www.iejima.org/category/bunya/bosai/bosai-saigai/ |

★ यो जापानी साइट हो।
★ कृपया गृहपृष्ठमा रहेको अनुवाद प्रयोग गरेर पढ्नुहोस्।
★ नबुजेको बेलामा बसोबास गरिरहेको शहरको नगरपालिकामा सोध्नुहोस्।

| फोहोरको बारेको साइट |
|---|
| https://www.city.naha.okinawa.jp/kurasitetuduki/gomirisaikuru/gomi/katei/gomi5.html |
| https://www.city.ginowan.lg.jp/kurashi_tetsuzuki/sumai/1/3589.html |
| https://www.city.ishigaki.okinawa.jp/soshiki/kankyo/1_1/5912.html |
| https://www.city.urasoe.lg.jp/doc/61c1758f19e07b69c6d47df4/ |
| https://www.city.nago.okinawa.jp/kurashi/2018071900929/# |
| https://www.city.itoman.lg.jp/soshiki/11/1648.html |
| https://www.city.okinawa.okinawa.jp/kurashi/gomi/index.html |
| https://www.city.tomigusuku.lg.jp/soshiki/2/1012/gyomuannai/1/2/615.html# |
| https://www.city.uruma.lg.jp/kurashitetsuzuki/gomirecycle/shuushuu/index.html |
| https://www.city.miyakojima.lg.jp/kurashi/seikatsu/gomi/dashikata.html |
| https://www.city.nanjo.okinawa.jp/kurashi/gomi_kankyo/gomi/1578886215/ |
| http://www.vill.kunigami.okinawa.jp/kunigami-village/wp-content/themes/kunigamison/images/gominodashikata01.pdf |
| https://www.vill.ogimi.okinawa.jp/kurashi/gomi/index.html |
| https://www.vill.higashi.okinawa.jp/kurashi_tetsuzuki/gomi_recycle/index.html |
| https://www.nakijin.jp/pagtop/kakuka/juminka/6/2/2/479.html# |
| https://www.town.motobu.okinawa.jp/doc/2023111300034/# |
| https://www.vill.onna.okinawa.jp/sp/living/eco/1484716763/1589349107/ |
| http://www.vill.ginoza.okinawa.jp/gyousei/soshiki/seikatu/http://www.vill.ginoza.okinawa.jp/gyousei/soshiki/seikatu/ |
| https://www.town.kin.okinawa.jp/kurashi_tetsuzuki/gomi_recycle/index.html |
| https://www.iejima.org/category/bunya/kurashi/gomi/ |

| नं. | नगर/शहर/गाउँको नाम | आपतकालीन निकासी स्थलको साइट |
|---|---|---|
| 21 | योमितान गाउँ | https://www.vill.yomitan.okinawa.jp/soshiki/somu/gyomu/anzen_anshin/bosai/map/5167.html |
| 22 | काडेना टाउन | https://map.town.kadena.okinawa.jp/ |
| 23 | चाटन टाउन | https://www.chatan.jp/seikatsuguide/anshin_anzen/taisaku/bousai_map.html |
| 24 | कितानाखागुसुकु गाउँ | https://www.vill.kitanakagusuku.lg.jp/sonsei/bousai/661.html# |
| 25 | नाखागुसुकु गाउँ | https://www.vill.nakagusuku.okinawa.jp/menuIndex.jsp?id=53415&menuid=11674&funcid=28 |
| 26 | निशिहारा टाउन | https://www.town.nishihara.okinawa.jp/link/bousai.html |
| 27 | योनाबारु टाउन | https://www.town.yonabaru.okinawa.jp/soshiki/8/132.html |
| 28 | हाएबारु टाउन | https://www.town.haebaru.lg.jp/docs/2013031100012/ |
| 29 | तोकाशिकी गाउँ | https://www.vill.tokashiki.okinawa.jp/soshiki/somu/6/8/1/186.html |
| 30 | जामामी गाउँ | https://www.vill.zamami.okinawa.jp/disaster/m/2024/05/post-3.php |
| 31 | अगुनी गाउँ | https://www.vill.aguni.okinawa.jp/sonsei/keikaku/618.html |
| 32 | टोनकी गाउँ | http://www.vill.tonaki.okinawa.jp/UserFiles/File/img/bousaimap2020.pdf |
| 33 | मिनामिदाइतो गाउँ | http://www.vill.minamidaito.okinawa.jp/book/pageindices/index153.html#page=153 |
| 34 | कितादाइतो गाउँ | https://vill.kitadaito.okinawa.jp/bosai/bosai_map.html |
| 35 | इहेया गाउँ | https://www.vill.iheya.okinawa.jp/soshiki/2/1068.html |
| 36 | इजेना गाउँ | https://vill.izena.okinawa.jp/bousai/bousai_map/ |
| 37 | कुमेजिमा टाउन | https://www.town.kumejima.okinawa.jp/docs/2023031000021/ |
| 38 | याएसे टाउन | https://www.town.yaese.lg.jp/docs/2014042500044/ |
| 39 | तारामा गाउँ | https://www.vill.tarama.okinawa.jp/bousai_anzen/bousai_map/ |
| 40 | ताकेटोमी टाउन | https://www.town.taketomi.lg.jp/bousai/bousaimap |
| 41 | योनागुनी टाउन | https://www.town.yonaguni.okinawa.jp/docs/2024081500011// |

| फोहोरको बारेको साइट |
| --- |
| https://www.vill.yomitan.okinawa.jp/kurashi/gomi/index.html |
| https://www.town.kadena.okinawa.jp/life/kur2121.html |
| https://www.chatan.jp/smph/seikatsuguide/gomi_recycle/shushu/bumbetsu_dashikata.html |
| https://www.vill.kitanakagusuku.lg.jp/bamen/711.html |
| https://www.vill.nakagusuku.okinawa.jp/detail.jsp?id=100051&menuid=16695&funcid=1 |
| https://www.town.nishihara.okinawa.jp/goven-service/10/gomi.html |
| https://www.town.yonabaru.okinawa.jp/soshiki/8/130.html |
| https://www.town.haebaru.lg.jp/docs/2022021500022/ |
| https://www.vill.tokashiki.okinawa.jp/muranoshokai_kurashi_tetsuzuki/gomi_eco/2573.html |
| https://www.vill.zamami.okinawa.jp/politics/kurashi/post-4.html |
| https://www.vill.aguni.okinawa.jp/kurashi/kateigomi/index.html |
| http://www.vill.tonaki.okinawa.jp/detail.jsp?id=57531&menuid=12295&funcid=1 |
| कृपया सिधै कार्यालयमा सम्पर्क गर्नुहोस्। टेलिफोन नं: ०९८०२-२-२००१ |
| https://vill.kitadaito.okinawa.jp/docs/2022081500024/ |
| https://www.vill.iheya.okinawa.jp/soshiki/5/2137.html |
| https://vill.izena.okinawa.jp/lifeevent/residence/1539836070/# |
| https://www.town.kumejima.okinawa.jp/categories/kurashi/gomi/ |
| https://www.town.yaese.lg.jp/docs/2016021900012/ |
| https://www.vill.tarama.okinawa.jp/kurashi/seikatsu_kankyou/gominodashikata/ |
| https://www.town.taketomi.lg.jp/guide/gomi_recycle/1531132126/ |
| https://www.town.yonaguni.okinawa.jp/docs/2018041100014/gomi.html |

# ओकिनावा लाइफ 


मार्च २०२५ मा जारी गरिएको

जारीकर्ता: ओकिनावा प्रिफेक्चर, संस्कृति, पर्यटन र खेलकुद विभाग,
एक्सचेन्ज प्रवर्द्धन डिभिजन
ओकिनावा प्रिफेक्चर नाहा शहर इजुमिजाकी १-२-२
०९८-८६६-२४७९

निर्माता : ओकिनावा प्रिफेक्चर इन्टरनेशनल एक्सचेन्ज र मानव संसाधन विकास फाउन्डेशन
ओकिनावा प्रिफेक्चर गिनोवान शहर इसा ३-४-१ ३ तल्ला
०९८-९४२-९२१५